

# अमेरिका कि अफ्रिका

मस्को, (एजेन्सी)

विश्वकप जुन १४ मा शुरू हुने एक दिनअघि जुन १३ को बेलुकी मस्कोमा सन् २०२६ मा हुने विश्वकपको आयोजक छनोट हुँदै छ। ८ वर्षपछि हुने विश्वकप आयोजना गर्न उत्तरी अमेरिका (अमेरिका, मेक्सिको र क्यानडा संयुक्त रूपमा) र अफ्रिकी राष्ट्र मोरक्को मध्ये एकलाई दिइनेछ। यसका लागि फिफाका २ सय ७ सदस्य देशले मतदान गर्नेछन्। उत्तर अमेरिकाले ३ पटक र अफ्रिकाले एक पटक विश्वकपको आयोजना गरिसकेका छन्।

# आर्मी र एनआरटीको जित



एनआरटी (हरियो) र मच्छिन्द्रका खेलाडीबीच बलका लागि भीडन्त हुँदै। तस्वीरः उजोल डंगोल, काठमाडौं

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन आर्मी क्लब र न्युरोड टिम (एनआरटी) ले तेस्रो ललित स्मृति यु १८ फुटबल प्रतियोगितामा विजयी शुरूआत गरेका छन्।

मंगलबार एन्फा कम्प्लेक्समा पहिलो दिनको खेलमा आर्मीले सरस्वती युवा क्लबमाथि ४-० को एकोहोरो जित हात पाऱ्यो। त्यस्तै एनआरटीले मच्छिन्द्र क्लबको १-० को अग्रतालाई अस्विकार गर्दै ३-१ ले जित हासिल गऱ्यो। सरद राईले मच्छिन्द्रका लागि १४औं मिनेटमा गोल गरी अग्रता दिलाएका थिए।

तर एनआरटी दुई मिनेटमा दुई गोल गरेर खेलमा फर्केको थियो। साहिल केसीले ३०औं र विशाल क्षेत्रीले ३२औं मिनेटमा गोल गरेका थिए। पहिलो हाफमा २-१ ले पछि परेको छिमेकी क्लब मच्छिन्द्रले दोस्रो हाफमा गोल फर्काउन नसकेपछि एनआरटीको जित सुनिश्चित भएको थियो। एनआरटीका लागि इन्जुरी समयमा निर्मल घिसिङले थप गोल गरे।

उता डिफेन्डिङ च्याम्पियन आर्मीका लागि पहिलो गोल गर्न पहिलो हाफसम्म कुर्नुपरेको थियो। पहिलो हाफको इन्जुरी समयमा सेसेहाङ आङदेम्बेले गोल गरेपछि आर्मीले दोस्रो हाफमा वर्चश्व बनायो र फराकिलो जितसँगै उपाधि रक्षा गर्ने लक्षण देखाएको छ।

आर्मीका प्रशिक्षक चक्र तामाङले खेलपछि बताए- 'पहिलो खेल सधैं महत्वपूर्ण हुन्छ। हामीहरू डिफेन्डिङ च्याम्पियन हौं र उपाधि रक्षा गर्नेछौं।

आर्मीका लागि दिनेश हेम्जनले दुई गोल गरेर अग्रता फराकिलो बनाएका थिए। उनले ६८औं र ८५औं मिनेटमा गोल गर्दा ७५औं मिनेटमा विवेक चौधरीले एक गोल थपेका थिए।

# जर्मनी चौथोपटक च्याम्पियन (२०१४)




फुटबलको पर्यायवाची ब्राजिलले २०औं संस्करणको फिफा विश्वकप आयोजना गरेको थियो। जहाँ युरोपियन राष्ट्र जर्मनी चौथो पटक च्याम्पियन बन्यो। सेमिफाइनलमा आयोजक ब्राजिललाई ७-१ को फराकिलो गोलअन्तरले हराएको जर्मनीले फाइनलमा लियोनल मेसीको अर्जेन्टिनाको चुनौती पाएको थियो। निर्धारित ९० मिनेटसम्म गोलरहित बराबरीमा टुंगिएको उक्त खेलको अतिरिक्त समयमा जर्मनी १-० ले विजयी बन्यो।

जर्मनीलाई चौथोपटक विश्व च्याम्पियन बनाउन मारियो गोट्जेले १ सय १३औं मिनेटमा गरेको एकमात्र गोल निर्णायक बन्यो। योसँगै इटालीसँगैं ४ पटक विश्वकप उपाधि जित्नेको सूचीमा जर्मनीले बराबरी गऱ्यो। जब कि यसअघि तीन पटक विश्व च्याम्पियन हुँदा पश्चिम जर्मनी टोली थियो। प्रतियोगिताभरि ६ गोल गरेका कोलम्बियाका जेम्स रोड्रिग्वेज सर्वाधिक गोलकर्ता बने। लियोनेल मेसी उत्कृष्ट खेलाडी हुँदा फ्रान्सका पाउल पोग्बा बेस्ट योंग प्लेयर र जर्मनीका मानुएल निउर बेस्ट गोलकिपर घोषित भए।

कुल ३२ राष्ट्रले एउटा ट्रफीका लागि प्रतिस्पर्धा गर्ने विश्वकप पहिलो पटक रसियामा हुँदै छ। अहिले विश्वका सारा फुटबलप्रेमीको ध्यान त्यतैतिर केन्द्रित छ। जुन १४ देखि जुलाई १५ सम्म रसियामा हुने विश्वकपमा लागि अहिले छनोट भएका ३२ वटै टोली विश्वकपको ट्रफी उचाल्ने लक्ष्यसहित तम्तयार बसेका छन्।

जर्मनीका मिरोस्लाभ क्लोज विश्वकपको इतिहासमा सर्वाधिक गोल गर्ने खेलाडी हुन्। यसपटक पनि जर्मनी टोलीका थोमस मुलरलाई नयाँ कीर्तिमान बनाउने अवसर मिलेको छ। पछिल्ला दुई विश्वकपमा कुल १० गोल गरेका उनी अन्य खेलाडीभन्दा अगाडि छन्। यदि उनले रसियामा ६ गोल कटाएमा आफ्नै देशको क्लोजले बनाएको कीर्तिमान बराबरी गर्नेछन्। सन् २००२ देखि २०१४ सम्म ४ पटक विश्वकप खेलेका कलोजले १६ गोल गरेका छन्। सन् २००६ मा घरेलु मैदानमा ५ गोल गर्दै उनले गोल्डेन बुटसमेत जितेका थिए।



फाइनलमा निर्णायक गोल गरेर जर्मनीलाई उपाधि दिलँएका मारियो गोट्जे यसपालीको विश्वकपमा छनौट भएनन्

## दुवैपटक फेल

ब्राजिल दुवैपटक विश्वकप आयोजक राष्ट्र बनेको छ। दुवैपटक ब्राजिलले आफ्नो भूमिमा ट्रफी जित्न सकेको छैन। २०१४ विश्वकप अगाडि ब्राजिलले सन् १९५० मा विश्वकप आयोजना गरेको थियो। टोली उपाधि दावेदारमा थियो पनि। फाइनलमा १९३० विश्वकपको विजेता उरुग्वेले ब्राजिललाई हराएर दोस्रो पटक च्याम्पियन बन्न सफल भयो। यो विश्वकप दोस्रो विश्वयुद्ध समाप्तिपछि भएको प्रतियोगिता थियो। ब्राजिलका लागि यो विश्वकपभन्दा पनि चार वर्षअघिको विश्वकपको स्मरण ज्यादै तीतो भएको थियो। ब्राजिलले जर्मनीसँग सेमिफाइनल खेल खेल्नुअगाडि सपनामा पनि सोचेको थिएन होला कि ७-१ ले हार्छ भनेर।

**धरहरा**

# सिंगापुर र दुई नेता



विश्वको ध्यान अहिले सिंगापुरको पर्यटकीय नगरी सन्तोसा आइल्यान्डको क्यापेला होटलमा थियो। त्यहाँ थिए विश्वको रुढीवादी कम्युनिस्ट राष्ट्र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन र महाशाक्तिशाली राष्ट्र भनिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रमबीचको ऐतिहासिक बार्ता कसैका लागि हासी मजाक र कसैका लागि तेस्रो विश्वयुद्ध टरेको भन्दै खुशियाली साटासाट गरेको दिनका रूपमा लिइएको छ। दुई नेताबीच हुने वार्ता भाडिने भन्दै विश्वका हतियार माफियाहरूले मिडियालाई दुरूपयोग गरे पनि दुई नेताको सुझबुझपूर्ण निर्णय भएको समाचार बाहिर आएपछि धरहरालाई पनि लाग्यो के अब विश्व मानचित्रबाट लगभग एक्लिएको उत्तर कोरियाली शासक र जनताले तेस्रो विश्वको समेत अवलोकन गर्न पाउने बाटो खुलेकै हो त। दुवै देशका मुर्ख स्वभावका नेताहरूले विश्वलाई नै जिल्ल पार्दै बार्ता अगाडि बढाउने घोषणा गरेपछि धरहरा पनि खुसीले गद्गद् भएको छ तपाईं नि पाठकवृन्द !

# मलाई अझै विश्वास लागेको छैन

लन्डन, (एजेन्सी)

'मैले केही सोच्न सकिरहेको छैन कि विश्वकपको बारे कसरी कुरा गरौं'। यो भनाइ हो इटालीका दिग्गज गोलकिपर जियांलुइगी बुफोनको। रुसमा हुने फुटबलको महामेला विश्वकपमा उनी खेलिरहेका छैनन्। किनभने उनको राष्ट्र इटाली छनोट हुन सकेन। यसैले बुफोनले विश्व कीर्तिमान राख्नबाट चुकेका छन्।


उनले लेखेको लेखमा यस्तो उल्लेख थियो-२००६ मा उपाधि जित्नु मेरो करिअरको सबैभन्दा ठूलो उपलब्धि थियो। मलाई इटाली फुटबलको सबैभन्दा ठूलो चाडको हिस्सा नभएको विश्वास अहिले पनि लागिरहेको छैन।

उनले बताए-१९९८ मा शुरूआतपछि मेरो छैटौ विश्वकप हुन सक्थ्यो र यो कीर्तिमान पनि हुन्छ। किनभने अहिलेसम्म कसैले यस्तो गर्न सकेका छैनन्। जर्मनीका लोथार म्याथ्युज र मेक्सिकोका एन्टोनीयो कार्बाजल दुई खेलाडीले मैले जस्तै ५ पटक विश्वकपमा भाग लिएका छन्।

इटाली प्लेअफमा स्विडेनसँग हारेपछि बिहीबारदेखि शुरू हुने विश्वकपमा छनोट हुन सकेन। चार पटकको विश्व च्याम्पियन इटाली सन् १९५८ विश्वकपपछि प्रतियोगितामा छनोट भएन। सन्जोग नै मान्नुपर्छ ६० वर्षअघिको उक्त विश्वकपको आयोजक स्विडेन नै थियो।




एउटा सशक्त कलमको तीन दशक लामो संघर्ष




भारतीय राजदूत शिवशंकर मुखर्जीलाई भेटेर उनको कार्यकक्षबाट बाहिर निस्कनेबित्तिकै रिंगटा लागेपछि पुष्करलाल श्रेष्ठले दुतावासको प्राङ्ग्रणभित्रै बसेर किन पत्रकारिता पेसा नै छोड्ने निर्णय गरे ?

माओवादीबाट मारिनुअघि के कुरा भएका थिए पुष्करलालसँग पत्रकारहरु ज्ञानेन्द्र खड्का र डेकेन्द्रराज थापाको ?

२०५८ जेठ १९ गतेको त्रासदीपूर्ण राजदरबार हत्याकाण्डको समाचार नछाप्न पुष्करलाल श्रेष्ठलाई राजदरबारबाट आएको पेचिलो दबाबका बाबजुद पनि कसरी सो हत्याकाण्डको समाचार "बेकिङ" गर्न सफल भए उनी ? त्यसपछि "नेपाल समाचारपत्र" प्रति बढेको पाठकको विश्वास र उनीमाथि दरबारको व्यवहार ?

बंगलादेशको राजधानी ढाकामा भएको १३औं सार्क शिखर सम्मेलन सकेपछि राजा ज्ञानेन्द्रसँगै कतारमा जान ठीक परेर हराएका ६ जना पत्रकारलाई ढाकामै छोडेर जान राजा नमानेपछि कस्तो वितण्डा मच्चियो ? पुष्करलालको रोमाञ्चक अनुभूति ।

देशमा प्रधानमन्त्रीविहीन अवस्थामा पुष्करलाललाई प्रधानमन्त्री खोज्न कसले अराए र उनले प्रधानमन्त्रीमा कसको नाम सिफारिश गरे, अनि मध्यरातमा के भयो ?

पत्रकारितामा रुचि राख्नेले त झन् पढ्नै पर्ने पुस्तक

नेपाली पत्रकारिताको चुनौती र संघर्षको कटु यथार्थ


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ